नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# ललितपुर

फ्याक्स: ०१-५५२३०५१
फोन: ०१-५५२११६५, ०१-५५५२८४४
०१-५५५५४७५, ०१-५५३५१२९
ईमेल: daolalitpur5@gmail.com
वेभसाइट: www.daolalitpur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मिति २०७७/०६/०१

## सेवा प्रवाह सम्बन्धी सूचना ।

कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०७७/०४/२५ गतेबाट स्थगित गरिएका नियमित सेवाहरु सामाजिक भौतिक दूरी कायम गर्दै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेका मापदण्डहरु अपनाई देहाय बमोजिमको सेवा प्रवाहको ढाँचा (service flow structure) मा अर्को व्यवस्था नभएसम्म मिति २०७७/०६/०४ गते आईतबार देखि लागु हुने गरी प्रत्येक सेवामा दिनको २० (बीस) जना भन्दा बढी सेवाग्राही नबढ्ने गरी निम्नानुसार हुने व्यवस्था मिलाइएको व्यहोरा सबैको जानकारी लागि अनुरोध गरिएको छ ।

१. नागरिकता प्रमाणपत्र, नागरिकता प्रतिलिपि, नावालिग परिचयपत्र, राहदानी, हातहतियार दर्ता नवीकरण आदि सेवाहरु लिन विभिन्न स्थानीय तहहरुको लागि तोकिएको बारहरु :

| | | |
|---|---|---|
| क. | ललितपुर महानगरपालिका : | आइतबार र सोमबार |
| ख. | महाङ्काल, बागमती र कोन्ज्योसोम गाउँपालिका : | मंगलबार र बुधबार |
| ग. | गोदावरी र महालक्ष्मी नगरपालिका : | बिहीबार र शुक्रबार |

२. पत्रपत्रिका संघ संस्था दर्ता र नवीकरणको लागि तोकिएका बारहरु :

| | | |
|---|---|---|
| क. | संघ संस्था दर्ता: | सोमबार र बुधबार मात्र |
| ख. | संघ/संस्था नवीकरण: | आइतबार, मंगलबार, विहीबार मात्र |
| ग. | पत्रपत्रिका/छापाखाना दर्ता र विधान संशोधन: | शुक्रबार मात्र |

३. शान्ति सुरक्षाको निवेदन र कानून बमोजिम हुने मुद्दा सम्बन्धी कार्यहरु सबै कार्यालय दिन ।
४. विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु: सबै कार्यालय दिन ।
५. सेवाग्राहीहरुले पालना गर्नुपर्ने शर्तहरु :

- तोकिएका दिन (बार) मिलाएर मात्र सम्बन्धित सेवाग्राही कार्यालयमा प्रवेश गर्नुपर्नेछ ।
- नागरिकता र नाबालिग परिचयपत्र बनाउने हकमा सेवाग्राही र सनाखत गर्ने थप १ जना मात्र कार्यालय परिसरमा प्रवेश गर्न सकिनेछ ।

०७७।६।१

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## ललितपुर

फ्याक्स: ०१-५५२३०५१
फोन: ०१-५५२११६५, ०१-५५५२८४४
०१-५५५५४७५, ०१-५५३५१२९
ईमेल: daolalitpur5@gmail.com
वेभसाइट: www.daolalitpur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

- ❖ सेवा लिन आउनु अघि सेवा प्राप्त गर्नको लागि तोकिएका कागज/प्रमाण साथमा लिई आउनु पर्नेछ । कागज/प्रमाण नपुगेमा सेवा दिन सकिने छैन। आवश्यक पर्ने कागजातको विवरण यस कार्यालयको वेवसाइट daolalitpur.moha.gov.np को नागरिक सेवा वडापत्र खण्डमा हेर्न सकिने छ ।
- ❖ कार्यालयको प्रवेशद्धारमा रहेका कर्मचारी/सुरक्षाकर्मीलाई सम्पर्क गरी टोकन लिन सकिनेछ ।
- ❖ आफ्नो टोकन र समय अनुसार मात्र कार्यालयमा सेवा लिन आउनु पर्नेछ ।
- ❖ रुघा खोकी, ज्वरो जस्ता लक्षण देखिएका सेवाग्राहीलाई कार्यालयमा प्रवेश दिईनेछैन ।
- ❖ कार्यालयको भिडभाड र कोभिड-१९ संक्रमणको अवस्था अनुसार उल्लेखित तालिकामा आवश्यकता अनुसार थपघट र परिमार्जन गर्दै लगिनेछ ।
- ❖ सेवाग्राहीले सेवा लिन आउँदा सुरक्षित तरिकाले अनिवार्य रुपमा मास्क लगाएको हुनु पर्नेछ ।
- ❖ कार्यालय परिसरमा प्रवेश गरे पश्चात सम्बन्धित शाखा/फाँटमा सेवा लिन जानु अघि तोकिएको स्थानमा साबुन पानीले हात धुनुपर्नेछ ।
- ❖ कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्नुपर्नेछ ।
- ❖ सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रुपमा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ ।
- ❖ उपरोक्त शर्तहरु पालना नगरेमा तथा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयल तोकेको स्वास्थ्य सम्बन्धि मापदण्ड पालना नगरेमा सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरिनेछ ।

०७७।३।१

ललित कुमार बस्नेत
सहायक प्रमुख जिल्ला अधकारी

सहायक प्रमुख जिल्ला अधिकारी